फस्र्योट गर्न विशेष पहल गर्ने निर्णय गरियो ।

७. खानीखोला गाउँपालिका भित्र विगत २०३७ साल तिर नापी टोली मार्फत जग्गा दर्ता नापी भएकोमा गाउँपालिका क्षेत्र भित्र धेरै जनताहरूको जग्गा नापी भएको तर जति जग्गा वा क्षेत्रफल छ त्यो क्षेत्रफल घटाई नाप नक्सा गरेको पाइएको हुनाले र विविध कारणले ज.ध.प्र.पूर्जा वन्न नसकेको तर उक्त जग्गा हाल पनि सम्वन्धित व्यक्तिहरूले खनजोत, हकभोग गरि आएकोले यथार्थ व्यक्तिहरूको जग्गा छुटेकोमा त्यस्तो जग्गा दर्ता गर्नका लागि दर्ता प्रक्रिया खोली दिई ज.ध.प्र.पूर्जा उपलब्ध गराउने व्यवस्था मिलाईदिन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

८. खानीखोला गाउँपालिकाको विदेश स्थित कुनै प्रतिष्ठित देशको प्रतिष्ठित शहर तथा संघ संस्थासँग भगिनी सम्वन्ध कायम गरी नयाँ प्रविधि र लगानी आदान प्रदान गर्नका लागि आवश्यक पहल गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. खानीखोला गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयहरूमा भौगोलिक अवस्था विकट, विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी अपुग भएकोले नपाल सरकार शिक्षा मन्त्रालयमा स्थायी शिक्षक दरवन्दी माग गर्ने निर्णय गरियो ।

१०. खानीखोला गाउँपालिका अन्तर्गत गाउँपालिका र वडा कार्यालयमा कार्यालयवाट सेवा प्रवाह कार्यलाई छिटो छरितो र प्रभावकारी वनाउनको लागि गाउँपालिका र वडा कार्यालयमा पर्याप्त मात्रामा कर्मचारी नभएको कारणले थप जिम्मेवारी सहित काम गर्नुपर्ने अवस्था र भौगोलक विकटताको कारणले गा.पा. र वडा कार्यालयमा कार्यरत स्थायी नीजामति (प्रशासन र लेखा तर्फका) कर्मचारीहरूलाई मासिक तलव भत्ताको कम्तीमा ५०% बाट नघूटने गरि अतिरिक्त सुविधाको व्यवस्था गरिने निर्णय गरियो ।

११. खानीखोला गाउँपालिका भित्र स्वास्थ्य संस्थामा खाली रहेका विभिन्न पदमा स्थायी कर्मचारी लोक सेवा आयोगमा माग गर्ने सो नभएमा गाउँ कार्यपालिकाले आवश्यक कार्यविधि वनाई आवश्यकता अनुसारको कर्मचारी पदपूर्ति गरिने निर्णय गरियो ।

१२. आ.व.२०७५/०७६ मा प्रस्तावित रु.५ लाख सम्मका पूर्वाधार विकासमा विनियोजन रकमवाट निर्माण कार्य २०७५ पौष मसान्त भित्रमा निर्माण कार्य सम्पन्न गरि सक्नुपर्ने